# CIM Newsletter

Issue 38, Magh 2082

## ५८ औं स्थापना दिवस बिशेष







021-515712 Sahid Marg, Biratnagar-02
cim.biratnagar@gmail.com

# हाम्रो भनाइ

नीजि क्षेत्रका उद्योग र व्यापार राष्ट्रिय आर्थिक विकासको मेरुदण्ड हो । यस क्षेत्रले उत्पादन तथा वितरण, रोजगारीका अवसरको सिर्जना मात्र नगरेर राज्यलाई कर तथा राजस्व प्रदान गरी पूर्वाधार तथा सामाजिक विकासमा सरकारको सहयात्रीका रुपमा आफुलाई स्थापित गरेको छ । आर्थिक विकास र अर्थतन्त्रको सवलीकरणमा पुऱ्याउदै आएको योगदानलाई मध्यनजर गरी राज्यले नीजि क्षेत्रको संरक्षणका लागि अभिभावकीय भूमिका निर्वाह गर्नुका साथै यस क्षेत्रलाई दीर्घकालीन रुपमा प्रोत्साहन गर्ने नीतिहरू निर्माण गरी प्राथमिकतामा राख्नुपर्दछ ।

नीजि क्षेत्रले लगानीको माध्यमबाट पूँजी निर्माण गर्दै केही मुनाफा आर्जन गर्नु व्यवसायको स्वाभाविक उद्देश्य हो र यस्तो मुनाफा राज्यका घोषित नीति र कानुनबाट संरक्षित हुनुपर्छ । लगानीको सुरक्षा बिना न त उद्योग फस्टाउन सक्छ न त अर्थतन्त्रले गति लिन सक्छ । त्यसैले उद्योग/व्यापारका लागि स्थायित्व, सुरक्षा र नीतिगत स्पष्टता अपरिहार्य शर्त हुन । तर दुःखद पक्ष के छ भने, राज्यका नीति, नियम पालना गरी आर्थिक विकासमा योगदान पुऱ्याइरहेका यो क्षेत्रलाई समाजले हेर्ने दृष्टिकोण सकारात्मक नभएकाले अवका दिनमा यस क्षेत्रको संरक्षणका लागि समाजले आफनो दृष्टिकोणमा परिवर्तन गर्नुपर्दछ ।

विगत र केही महिना अघि भएको आन्दोलनमा नीजि क्षेत्रले अकल्पनीय क्षति व्यहोरेको छ । राज्यप्रति असन्तोष जाहेर गर्न हुनेगरेको हरेकपटकको आन्दोलनमा निजी सम्पत्ति माथि हुने तोडफोड तथा आगजनीका घटनाले सरकार र समाज यस क्षेत्रको उपदेयतामा गम्भीर नभएको प्रतित भएकोछ परिणामस्वरुप यो क्षेत्र गम्भीर त्रासको अवस्थामा पुगेको छ । निजी क्षेत्रप्रति व्यक्त हुने आक्रोश, कुण्ठा र भ्रामक सूचनाले लगानी गर्नु पाप हो की भन्ने भाष्य निर्माण हुँदै गएकाले नया क्षेत्रमा लगानी संकुचित हुदै गएकाले अवका दिनमा लगानी अभिवृद्धिका लागि नीजि उद्योग व्यवसायलाई राज्यको अभिन्न अंगका रुपमा लिनु पर्दछ ।

निजी क्षेत्रले आर्थिक विकासमा पुऱ्याउँदै आएको योगदानलाई नजरअन्दाज गर्दै यसलाई केवल नाफा केन्द्रित र शक्तिकेन्द्रसँग निकट क्षेत्रका रूपमा परिभाषित गर्ने चलन बढ्दै गएको अवस्थामा यस प्रकारको गलत धारणालाई चिरी निजी क्षेत्रले आर्थिक, औद्योगिक र सामाजिक रूपान्तरणमा खेलेको भूमिकालाई मध्यनजर गरी सुरक्षित, सम्मानित र प्रोत्साहित गर्नु आजको आवश्यकता हो ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८२-८३ को पहिलो ५ महिनाको तथ्याङ्कमा आधारित



**१५.८ प्रतिशतले**
आयातवृद्धि ।



**५८.२ प्रतिशतले**
निर्यातवृद्धि ।



**१.६३ प्रतिशत**
उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ।



**रू. ४२१ अर्ब ८९ करोड**
वचत- शोधनान्तर स्थिति ।



**रू. २२ अर्ब १३ करोड**
अमेरिकी डलर सञ्चिति (कुल विदेशी विनिमय) ।



**१३.९ प्रतिशत**
वृद्धि- वार्षिक विन्दुगत आधारमा बैङ्क तथ वित्तीय संस्थाको निक्षेप-सङ्कलन ।




**६.६ प्रतिशतले**
वृद्धि, वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमा प्रवाहित कर्जा ।



**३५.६ प्रतिशतले**
विप्रेषण आप्रवाहवृद्धि (नेपाली रूपैयाँमा) ।

श्रोत: नेपाल राष्ट्र बैंक

# Foreign Trade Direction

## Based on First Six Months (Shrawan-Push) of FY 2082/83




# Top 10 Imports by Chapter

## Based on First Six Months (Shrawan-Push) of FY 2082/83

*(figures are in Rs. Thousands)*



# Top 10 Exports by Chapter

## Based on First Six Months (Shrawan-Push) of FY 2082/8

*(figures are in Rs. Thousands)*




# Imports and Exports by Customs Offices

## Based on First Six Months (Shrawan-Push) of FY 2082/83

*(Imports Value and Exports Value are in Rs. Thousands)*



# Trade Balance by Partner Countries

## Based on First Six Months (Shrawan-Push) of FY 2082/83

*(figures are in Rs. Thousands)*




| | India | China | Argentina | United Arab Emirates | United States | Indonesia | Thailand | Australia | Malaysia | Brazil |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 |
| Trade_Balance | -416713094 | -195368490 | -54438387 | -30878433 | -3688999 | -9819895 | -9107161 | -5153917 | -5941435 | -5076859 |
| Exports_Value | 115743688 | 640915 | 2419 | 1068949 | 9760301 | 173122 | 22797 | 996598 | 117600 | 28014 |
| Imports_Value | 532456782 | 196009406 | 54440806 | 31947382 | 13449300 | 9993018 | 9129958 | 6150516 | 6059035 | 5104873 |




पानसमा बत्ती बालेर ५८औं स्थापना दिवशको उद्घाटन गर्नुहुदै
संगठनका पूर्व अध्यक्षहरु साथमा वर्तमान अध्यक्ष नन्दकिशोर राठी

उत्पादनमूलक उद्योग तथा व्यवसायको हकहित संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यका साथ वि.सं. २०२४ सालमा स्थापना भएको उद्योग संगठन मोरङ ५८ वर्षमा प्रवेश गरेको छ। आफनो ५८औं स्थापना दिवसको अवसरमा संगठनले सञ्चालन गर्दै आएका कार्यक्रम तथा पहलहरूलाई माघ २६ गते शोकेस गरेको थियो।

कार्यक्रममा संगठनका अध्यक्ष नन्दकिशोर राठीले ५८ वर्षे यात्रालाई संघर्ष, समर्पण र निरन्तर प्रयासले भरिएको यात्रा भएको बताउदै उनले निजी क्षेत्रका संघ/संस्थाले भावि पुस्तामा उद्यमशील सोच विकास गर्नु पनि दायित्व भएको उल्लेख गर्दै सोही अनुसार संगठनले आफनो गतिविधि अघि बढाइरहेको स्पष्ट पारे। संगठनले फाउन्डेसन तहदेखि काम सुरु गरी समग्र उद्यमशीलताको इकोसिस्टम विकासमा आफूलाई केन्द्रित गरी औद्योगिक विकास सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका विचार उनले व्यक्त गरे।



संगठनका अध्यक्ष नन्दकिशोर राठी ५८ औं स्थापना दिवशमा
पाल्नु भएका अतिथिहरुको स्वागत गर्नुहुदै।

५८औं स्थापना दिवसको अवसरमा संगठनका पूर्व अध्यक्ष किशोर प्रधानले सिआईएम एक्स्पीरीयन्स जोन उद्घाटन गर्दै विगत यात्रालाई स्मरण गर्नुभयो । उहाले पूर्व नेतृत्वले दिनरात नभनी पुऱ्याएको योगदानकै कारण संगठन वर्तमान समयमा निजी क्षेत्रको एक सशक्त र विश्वसनीय संस्थाको रूपमा स्थापित हुन सफल भएका वताउनु भयो । एक्स्पीरीयन्स जोनमा यस क्षेत्रका औद्योगिक प्रतिष्ठानहरूको उत्पादनलाई शोकेस, भर्चुअल रियालिटी मार्फत उद्योगको अवलोकन तथा क्रेता/विक्रेता बीच प्रत्यक्ष भेटघाट गर्न सकिने सुविधा सहितको आधुनिक प्रदर्शनी कक्ष स्थापना गरेको छ ।






संगठनका पूर्व अध्यक्ष किशोर प्रधानबाट CIM Industries Experience Zone को उद्घाटन पश्चात वर्तमान र पूर्व अध्यक्षहरुको सामुहिक तस्विर

त्यसैगरी संगठनले व्यवसाय/व्यवसायबीचको सम्बन्ध विस्तार गर्ने उद्देश्यका साथ भर्चुअल बि२बि प्लेटफर्म विराटबजार डटकमको संगठनका पूर्व अध्यक्ष दिनेश गोल्छाले औपचारिक शुभारम्भ गर्नुभयो । उक्त प्लेटफर्म मार्फत स्वदेशी उद्योग तथा व्यवसायलाई डिजिटल माध्यमबाट जोड्दै बजार विस्तारमा सहयोग पुग्ने विश्वास संगठनले लिएको छ ।

**BIRATBAZAAR**
Nepal's First B2B Marketplace



भर्चुअल प्लेटफर्म www.biratbazaar.com को उद्घाटन गर्नुहुदै पूर्व अध्यक्ष दिनेश गोल्छा

त्यसैगरी नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले उद्योग संगठन मोरङले स्थानीय आर्थिक तथा औद्योगिक इकोसिस्टम विकासमा खेलेको भूमिका प्रशंसनीय रहेको उल्लेख गर्दै उद्योग, व्यवसाय र उद्यमशीलता प्रवर्द्धनका क्षेत्रमा संगठनले थालेका नवीन अभ्यासहरू अन्य संस्थाका लागि पनि अनुकरणीय रहेको बताए ।



नेउवामहासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत मन्तव्य व्यक्त गर्नुहुदै ।

विराटनगर महानगरपालिकाका नगर प्रमुख नागेश कोईरालाले कुनै पनि संस्थाले आफनो स्थापनाको ५८ औ दिवस मनाउनु आफैंमा महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै विराटनगरको औद्योगिक विकासमा उद्योग संगठन मोरङले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए । उनले उद्योग/व्यवसाय क्षेत्रको विकास, प्रवर्द्धनका साथै सार्वजनिक निजी साझेदारी मार्फत स्थानीय अर्थतन्त्र सुदृढ बनाउन महानगरपालिका संगठनसंग सदैव सहकार्यका लागि तयार रहेको समेत स्पष्ट पारे ।



विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला मन्तव्य व्यक्त गर्नुहुदै ।



संगठनका वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल मन्तव्य व्यक्त गर्नुहुदै ।

उद्योग संगठन मोरङका वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलालले निजी क्षेत्रले तथ्य र तथ्यांकमा आधारित नीति बहस र पैरवीमार्फत राष्ट्रिय आर्थिक मुद्दाहरूलाई राष्ट्रिय एजेन्डाका रूपमा स्थापित गर्न सफल भएको उल्लेख गर्दै संगठनलाई प्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मानहरूले यसको कार्यदिशा सही रहेको प्रमाणित गरेको धारणा व्यक्त गरे ।

स्थापना दिवसको अवसरमा उद्यमशीलता विकासलाई प्रोत्साहन गर्न संगठनले सञ्चालन गर्दै आएको बिजनेस एट स्कुल, जबब्रिज पोर्टल, सीप विकास ईकाई, इन्डष्ट्रिज एकेडेमिया लिंकेज कार्यक्रम, बिजनेश क्लिनिक, स्टार्टअप कार्यक्रमका साथै उद्यमशील सोच विकास, दक्ष जनशक्ति उत्पादन र रोजगार प्रवर्द्धनका क्षेत्रमा संगठनले गर्दै आएको क्रियाकलापका डेस्कहरु राखीएको थियो ।






# नाफा कमाउनु अपराध हो ?

नन्दकिशोर राठी
प्रकाशित मिति : ९ माघ २०८२, शुक्रबार १८ : ४९ बजे

119 Shares




उद्योग र व्यापार कुनै एक वर्ग, व्यक्ति वा समूहको मात्र विशेष होइन । यो सिंगो राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो । बिहानदेखि बेलुकीसम्म नागरिकले प्रयोग गर्ने हरेक उपभोग्य वस्तु उद्योग र व्यापारकै उपज हुन् ।

लाखौँ नेपालीलाई रोजगारी दिने, राज्यलाई कर र राजस्वमार्फत आर्थिक रूपमा सबल बनाउँदै पुँजी निर्माण र लगानीमार्फत विकासको ढोका खोल्ने क्षेत्र यही हो । उत्पादन, वितरण र उपभोगको चक्र निरन्तर चलिरहेकै कारण देशको अर्थतन्त्रले निरन्तरता पाएको छ । यस प्रक्रियाको केन्द्रमा जोखिम मोलेर उभिएका उद्योगी व्यवसायीहरूको योगदान अमूल्य छ भन्ने कुरा हामी सबैले अन्तरात्मादेखि समीक्षा गर्नुपर्दछ ।



दुःखका साथ भन्नुपर्दा, आज यही योगदानकर्ता निजी क्षेत्र गहिरो पीडा, त्रास र अनिश्चितताको भुमरीमा फसेको छ। कानुनको परिधिभित्र बसेर, राज्यका नीति पालना गर्दै, कर तिरेर आर्थिक विकासमा योगदान दिँदा पनि समाजको दृष्टिकोण निजी क्षेत्रप्रति अझै सकारात्मक बन्न सकेको छैन ।

निजी क्षेत्रविरुद्ध फैलिँदै गएको नकारात्मक भाष्यले उद्योग–व्यवसायमैत्री वातावरण दिनप्रतिदिन कमजोर बनाउँदै लगेको छ। यसको प्रत्यक्ष असर उद्योगी–व्यवसायीको मनोबलमा परेको छ । लगानीको आत्मविश्वास खस्किँदै गएको छ र नयाँ लगानी गर्ने वातावरण धुमिल बन्दै गएको छ। यस्तो अवस्थामा निजी क्षेत्रका वास्तविक चुनौतीहरूलाई तथ्य र तर्कका आधारमा राष्ट्रिय तहमा स्पष्ट र बुलन्द रूपमा प्रस्तुत गर्नु हामी सबैको दायित्व भएको छ ।

गत भदौ महिनामा भएको जेनजी आन्दोलनका क्रममा निजी उद्योग, व्यापारिक केन्द्र, पसल, गोदाम र यहाँसम्म कि घरहरू समेत नियोजित रूपमा तोडफोड र आगजनीको सिकार बने । ती दृश्यहरू केवल भौतिक क्षतिको कथा मात्र थिएनन्, ती उद्योगी–व्यवसायीको मन, सपना र भविष्यमा लागेको गहिरो चोट थिए ।

आज उद्योगीहरू आफ्नै देशमा लगानी गर्न डराउनुपर्ने अवस्थामा पुगेका छन् । सामाजिक सञ्जालमार्फत निजी क्षेत्रविरुद्ध फैलाइने मिथ्या, भ्रामक र उत्तेजक सूचनाले 'लगानी गर्नु पाप हो कि', 'नाफा कमाउनु अपराध हो कि' भन्ने भाष्य निर्माण हुँदै गएको छ ।



यदि यस्तो सोच समाजमा गहिरिँदै गयो भने, नेपालमै रोजगारी सिर्जना गर्ने, युवालाई विदेश पलायन हुनबाट रोक्ने र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने हाम्रो सपना कसरी साकार हुन्छ? आजको अवस्था साँच्चै चिन्ताजनक र दयनीय छ।

राज्यप्रति असन्तुष्टि व्यक्त गर्ने आन्दोलनको आगोमा निजी क्षेत्र जलेर खरानी बन्नु स्वाभाविक होइन। तर विगतमा पटक–पटक निजी क्षेत्रका उद्योग र व्यापारलाई प्रत्यक्ष निशाना बनाइएको छ। यस क्षेत्रलाई केवल नाफामुखी र शक्तिकेन्द्रसँग नजिकको समूहका रूपमा चित्रित गर्ने प्रवृत्तिले समाज र निजी क्षेत्रबीचको विश्वास गहिरो रूपमा कमजोर बनाएको छ। यो दूरी घटाउन, भ्रम चिर्न र यथार्थ उजागर गर्न निजी क्षेत्र एकजुट भएर साझा मुद्दामा प्रतिबद्धता कायम गर्नुको विकल्प छैन।

यही सन्दर्भमा, उद्योग संगठन मोरङ र राष्ट्रिय व्यावसायिक पहलले समाजका विभिन्न क्षेत्रमा प्रतिनिधित्व गर्ने व्यक्तित्वहरूलाई एउटै मञ्चमा ल्याई तथ्य, तर्क र संवादमार्फत सत्य उजागर गरी गलत धारणालाई चिरेर आपसी विश्वास पुनःस्थापित गर्ने हामीले विश्वास लिएका छौँ।

निजी क्षेत्र कुनै पनि मुलुकको आर्थिक मेरुदण्ड भएकाले यो क्षेत्रले लगानी गर्दा सबैभन्दा पहिले दिगो, स्थिर र पूर्वानुमान गर्न सकिने नीतिको अपेक्षा गर्दछ। उद्योग वा व्यवसाय दीर्घकालीन सोचका साथ सञ्चालन हुने भएकाले आजको नीति भोलि फेरिन्छ कि भन्ने अनिश्चितताले लगानीकर्तालाई सधैँ सशंकित बनाउँछ । तर दुर्भाग्यवश, हाम्रो मुलुकमा सरकार परिवर्तनसँगै नीति परिवर्तन हुने प्रवृत्ति, राज्यद्वारा बनाइएका नीतिको कमजोर कार्यान्वयन, अनियमितता, सुशासनको अभाव, ढिलासुस्ती र नीतिगत भ्रष्टाचारजस्ता समस्याले निजी क्षेत्रलाई बारम्बार अवरोधमा पारिरहेको छ ।

उद्योग–व्यवसाय सञ्चालन गर्दा आइपर्ने यस्ता बाधा अड्चन फुकाउन निजी क्षेत्रले बाध्यतावश राजनीतिक शक्तिकेन्द्रहरूको सामीप्य खोज्नुपर्ने अवस्था सिर्जना भएको छ । यो अवस्था न त निजी क्षेत्रका लागि स्वस्थ हो, न त लोकतान्त्रिक राज्य व्यवस्थाका लागि नै उचित ।

यदि राज्यमा भएका कानुनहरू सहज र निष्पक्ष रूपमा कार्यान्वयन हुने, राज्य सञ्चालन व्यक्ति वा दल होइन, पद्धति र विधिमा आधारित हुने अवस्था भएको भए निजी क्षेत्रलाई कुनै दल वा राजनीतिक शक्तिको छाया खोज्नुपर्ने थिएन। त्यसैले अब राज्य र राजनीतिक दलहरूले निजी क्षेत्रलाई निष्पक्ष, सुरक्षित र भरोसायोग्य वातावरण दिन स्पष्ट प्रतिबद्धता जनाउनु अत्यावश्यक भइसकेको छ।



जेनजी आन्दोलनपश्चात् गठन भएको सरकारले फागुन २१ गतेका लागि तय गरेको आम निर्वाचनका लागि सबै राजनीतिक दलहरूले सहभागिता जनाउन उम्मेदवारी मनोनयनसमेत गरिसकेका छन्।

अब निर्वाचनपछि बन्ने नयाँ सरकारले दीर्घकालीन औद्योगिक नीति निर्माण गरी, विद्यमान कानुनहरूको सजिलै, पारदर्शी र प्रभावकारी कार्यान्वयन हुने वातावरण तयार गर्नुपर्छ। तब मात्र देशमा लगानीमैत्री वातावरण सिर्जना हुनेछ। निजी क्षेत्रले आत्मविश्वासका साथ लगानी गर्नेछ र त्यसकै माध्यमबाट रोजगारी, उत्पादन र समग्र आर्थिक समृद्धिको बाटो खुल्नेछ ।

उद्योगी–व्यवसायी मात्र नभई श्रमिक, युवा, उपभोक्ता, राज्य र हामी सबै एउटै अर्थतन्त्रका साझेदार हौं भन्ने भावनालाई आत्मसात गर्दै अघि बढ्नु आजको आवश्यकता हो । निजी क्षेत्र कमजोर भयो भने रोजगारी कमजोर हुन्छ। रोजगारी कमजोर भयो भने समाज कमजोर हुन्छ र समाज कमजोर भयो भने राष्ट्र नै कमजोर हुने निश्चित छ ।

*(‘निजी क्षेत्र प्रश्न, पहिचान र प्रतिबद्धता’ विषयक अन्तरक्रिया कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले प्रस्तुत गरेको विचारको सम्पादित अंश।)*

NEWS

# तीन-खम्बे अर्थनीतिले नेपाली अर्थतन्त्रलाई डुबायो: पूर्वगभर्नर नेपाल

January 23, 2026 No Comments 2 Mins Read

विराटनगर। नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले संसारमा कतै नभएको तीन-खम्बे अर्थनीतिले नेपालको अर्थतन्त्रलाई ध्वस्त पारेको बताउनु भयो । आज विराटनगरमा राष्ट्रिय व्यवसायिक पहल र उद्योग संगठन मोरङको संयुक्त आयोजनामा सम्पन्न 'निजी क्षेत्र: प्रश्न, पहिचान र प्रतिबद्धता' अन्तरक्रिया कार्यक्रममा बोल्दै नेपालले राज्यले सहकारी क्षेत्रलाई सरकारी र निजी क्षेत्रको समकक्षीको रूपमा प्रोत्साहन गर्दा सहकारी क्षेत्रमा देखिएको विचलनले समग्र नेपाली अर्थतन्त्रलाई नोक्सान गरेको धारणा व्यक्त गर्नु भयो।

निजी क्षेत्रले खुलेरै तीन-खम्बे अर्थनीतिको विरोध गर्दै सहकारी क्षेत्रको अलग अस्तित्वलाई अस्वीकार गर्नुपर्ने भन्दै पूर्वगभर्नर नेपालले निजी क्षेत्रले राज्यको आर्थिक नीतिमा स्थिरता खोज्न आवश्यक रहेको बताउनु भएको थियो।

नेपाल उद्योग वाणिज्य महासङ्घकी पूर्वअध्यक्ष भवानी राणाले निजी क्षेत्रले संविधान निर्माणताका दुई-खम्बे अर्थनीतिको वकालत गरेको स्मरण गर्दै राज्यले सहकारी क्षेत्रलाई प्रोत्साहन गर्दा समग्र अर्थतन्त्रलाई चुनौती थपिएको बताउनु भएको थियो। उहाँले राज्यले निजी क्षेत्रलाई आर्थिक समवृद्धि र विकासको साझेदारको रूपमा भूमिका स्वीकार गर्दै नीति निर्माण गर्नुपर्ने विचार राख्नु भएको थियो।

उद्योग संगठन मोरङका पूर्वअध्यक्ष राकेश सुरानाले राज्यले स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन गर्नु पर्ने भन्दै निजी क्षेत्रकै भित्रबाट हुने सिन्डिकेटलाई राज्यले कठोर ढंगले निरुत्साहित गर्नु पर्ने बताउनु भएको थियो।

अन्तरक्रियामा कोशी प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष सुबोध प्याकुरेलले नेपालमा कर्मचारीतन्त्रले निजी क्षेत्रलाई त्रस्त बनाएकोले राज्यले कर्मचारीतन्त्रलाई बलियो बनाएर निजी क्षेत्रलाई कमजोर बनाउने नीति त्याग्नु पर्ने धारणा राख्नु भएको थियो भने युवा उद्यमी सिद्धि अधिकारीले निजी क्षेत्र दयनीय अवस्थामा रहेको भन्दै राज्यले उपयुक्त नीति निर्माण गरेर व्यापार-व्यवसाय गर्न सहजीकरण गर्नु पर्ने बताउनु भएको थियो।

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व वरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकारले सहजीकरण गर्नुभएको अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय व्यवसायिक पहलका अध्यक्ष कुशकुमार जोशी, केन्द्रीय संयोजक किशोर कुमार प्रधान, उद्योग संगठन मोरङका अध्यक्ष नन्दकुमार राठीलगायतले धारणा राख्नु भएको थियो।

अर्थ / वाणिज्य

# निजी क्षेत्रलाई आक्रमणमुक्त बनाउन प्रतिबद्धता माग

यस्ता गतिविधि नियन्त्रण गरी निजी क्षेत्रले भोग्दै आएको पीडालाई कम गर्न राजनीतिक दल र नागरिकले दृढ प्रतिबद्धता जनाउनुपर्नेमा उनीहरूको जोड छ।

माघ ११, २०८२ | कान्तिपुर संवाददाता

विराटनगर — आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने निजी क्षेत्र कुनै प्रकारको आक्रमणको निसाना हुन नहुने उद्योगी व्यवसायीले बताएका छन्। यस्ता गतिविधि नियन्त्रण गरी निजी क्षेत्रले भोग्दै आएको पीडालाई कम गर्न राजनीतिक दल र नागरिकले दृढ प्रतिबद्धता जनाउनुपर्नेमा उनीहरूको जोड छ।

उद्योग संगठन मोरङ र राष्ट्रिय व्यावसायिक पहलको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको समन्वयमा 'निजी क्षेत्र प्रश्न, पहिचान र प्रतिबद्धता' विषयक बृहत् अन्तर्क्रियात्मक कार्यक्रममा उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले हरेक आन्दोलनमा निजी क्षेत्रका उद्योग, व्यापारिक केन्द्र, पसल, गोदाम र घर नियोजित रूपमा तोडफोड र आगजनीको सिकार बन्ने गरेकाले उद्योगीहरू आफ्नै देशमा लगानी गर्न डराउनुपर्ने अवस्थामा पुगेको बताए।

'सामाजिक सञ्जालमार्फत निजी क्षेत्रविरुद्ध फैलाइने मिथ्या, भ्रामक र उत्तेजक सूचनाले लगानी गर्नु पाप हो कि, नाफा कमाउनु अपराध हो कि भन्ने भाष्य निर्माण हुँदै गएको छ,' उनले भने।

निजी क्षेत्रले दिगो, स्थिर र पूर्वानुमान गर्न सकिने नीतिको अपेक्षा गरे तापनि मुलुकमा सरकार परिवर्तनसँगै नीति परिवर्तन हुने प्रवृत्ति, अनियमितता, सुशासनको अभाव, ढिलासुस्ती र भ्रष्टाचार जस्ता समस्याले निजी क्षेत्रलाई बारम्बार अवरोध पारिरहेको अध्यक्ष राठीको भनाइ छ। उद्योग व्यवसाय सञ्चालन गर्दा आइपर्ने यस्ता बाधा अड्चन फुकाउन निजी क्षेत्रले बाध्यतावश राजनीतिक शक्ति केन्द्रहरूको सामीप्य खोज्नुपर्ने अवस्था सिर्जना भएको उनले बताए। 'यस्तो अवस्था आउनु न निजी क्षेत्रका लागि स्वस्थ हो, न त लोकतान्त्रिक राज्य व्यवस्थाका लागि नै उचित हो,' उनले भने।

आर्थिक विकासको मेरुदण्डका रूपमा रहेको निजी क्षेत्र आजका दिनमा गहिरो पीडा, त्रास र अनिश्चितताको भुमरीमा फसेको राष्ट्रिय व्यावसायिक पहलका अध्यक्ष कुशकुमार जोशीले उल्लेख गरे। राज्यको कानुन र नीतिको पालना गरी कर तिरेर आर्थिक विकासमा योगदान दिँदा पनि समाजको दृष्टिकोण यस क्षेत्रप्रति अझै सकारात्मक बन्न नसकेको उनको भनाइ छ। निजी क्षेत्रविरुद्ध फैलिँदै गएको नकारात्मक भाष्यले उद्योग व्यवसायमैत्री वातावरण दिन प्रतिदिन कमजोर बनाउँदै लगेको उनले जनाए।

उद्योगी व्यवसायीको मनोबल र आत्मविश्वास खस्किँदै गएकाले नयाँ लगानी गर्ने वातावरण धूमिल बन्दै गएकाले यस्तो अवस्थामा निजी क्षेत्रको वास्तविक चुनौतीलाई तथ्य र तर्कका आधारमा राष्ट्रिय तहमा स्पष्ट र बुलन्द रूपमा प्रस्तुत गर्नु सबैको दायित्व भएको उनको भनाइ छ।

उद्योग र व्यापार कुनै वर्ग, व्यक्ति वा समूहको नभई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड भएको राष्ट्रिय व्यावसायिक पहलका केन्द्रीय संयोजक किशोर प्रधानले बताए। लाखौं नेपालीलाई रोजगारी दिने, राज्यलाई कर र राजस्वमार्फत आर्थिक सशक्तता प्रदान गर्ने, पुँजी निर्माण र लगानीमार्फत विकासको ढोका खोल्ने क्षेत्र यही भएकाले यस क्षेत्रको अमूल्य योगदानलाई सबैले अन्तरात्माबाट समीक्षा गर्नुपर्ने उनको धारणा छ।

निजी क्षेत्र अत्यन्त मिहिनेती, परिश्रमी तथा जोखिम लिन सक्ने क्षेत्र भएको उल्लेख गर्दै यस क्षेत्रको पछिल्लो समय गिरेको मनोबल उकास्न सरकारसहित सबै सरोकारवालाको साझा जिम्मेवारी रहेको राष्ट्र बैंकका पूर्वगभर्नर चिरञ्जीवी नेपालले बताए।

# विराटनगरमा उद्योगी–व्यावसायी बहस : निर्वाचनपछि अन्योल बढ्ने चिन्ता

ओबी | Jan 23, 2026

**विराटनगर ।** देशको अर्थतन्त्र र रोजगारीमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नीजि क्षेत्र सबैभन्दा कठिन स्थितिमा रहेको सरोकारवाला निकायले गुनासो गरेका छन् । विराटनगरमा राष्ट्रिय व्यावसायीक पहल तथा उद्योग संगठन मोरङले नेपाल उद्योग वाणिज्य महासंघ, कोशीसँगको सहकार्यमा शुक्रबार गरेको बृहत अन्तरक्रिया कार्यक्रममा उद्योगी–व्यावसायी तथा विज्ञहरुले निजी क्षेत्र आफ्नै कमजोर पहलका कारण असजिलोमा फसेको बताएका हुन् ।

'निजी क्षेत्र ः प्रश्न, पहिचान र प्रतिवद्धता' विषयक अन्तरक्रिया कार्यक्रममा देशमा औद्योगिक तथा व्यवसायीक विकास र विस्तारबाट अर्थतन्त्रमा पु¥याउँदै आएको योगदानका प्रमुख हिस्सेदार निजी क्षेत्रलाई राजनीतिक घटनाक्रमले कमजोर बनाएको चिन्ता व्यक्त गरिएको हो ।
कार्यक्रममा नेपाल व्यवसायीक पहलका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष कुशकुमार जोसीले निजी क्षेत्रको प्रतिनिधित्व गर्ने संस्थाबीच विभाजन हुनु सबैभन्दा दुःख को कुरा भएको बताए । उनले एकतावद्ध हुनुपर्ने यो क्षेत्रमा व्यक्तिगत उद्योग र व्यावसायका लागि स्वार्थगत राजनीतिक सम्झौता हावीउन्मुख हुँदा समग्र क्षेत्रलाई असर परेको बताए । अध्यक्ष जोसीले जेनजी आन्दोलनपछि राज्य कमजोर र निरीह बन्दा निजी क्षेत्र त्रसित भएर बाँच्न परेको गुनासो गरे । उनले सबै एकतावद्ध भएको भए पहल लिनसक्ने सामर्थ आर्जन हुने अवस्था आउन सक्ने संभावनाप्रति संकेत गरेका थिए ।

अब निर्वाचनमा देश गएको भएपनि यसले दिने राजनीतिक निकासमा निजी क्षेत्र कति सुरक्षित ? भन्ने अहिले अन्यौल रहेको उनको भनाई छ । जोसीले अब निजी क्षेत्रले प्रश्न, पहिचान र एकताका लागि प्रतिवद्ध हुने कुरामा साझा मत बनाएर बढ्नुपर्नेमा जोड दिए ।
यसैगरी प्यानल छलफलका क्रममा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर तथा अर्थविज्ञ डा.चिरञ्जीवी नेपालले नेपालमा निजी क्षेत्रले आफ्नो अस्तित्व स्वीकार गर्न नसकेको बताएका थिए । उनले आफैं लगानी गर्ने, आफैं मुनाफा आर्जन गर्ने, रोजगार सिर्जना गर्ने त्यति मात्रै नभई राज्यलाई कर बुझाएर राष्ट्रिय अर्थतन्त्र चलाएमान बनाउने निजी क्षेत्र आवश्यक पर्दा पहल लिनसक्ने निम्जरो देखिएको बताए । निजी–सार्वजानिक–सहकारी अर्थनीति सान्दर्भिक नभएको बताउँदै यसलाई सच्याउन जरुरी रहेको बताएका थिए ।

नेपाल उद्योग वाणिज्य महासंघ पूर्व अध्यक्ष भवानी राणाले विकासको आधार मानिनुपर्ने निजी क्षेत्रको मनोबल कमजोर स्थितिमा रहेको बताएकी थिइन् । राणाले वर्तमान अन्तरिक सरकारले त निजी क्षेत्रलाई स्वीकार नै नगरेको गुनासो गर्दै आगामी फागुन २१ गतेको निर्वाचनमा भाग लिने दलहरुको निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण पनि प्रष्ट नभएको बताइन् । निर्वाचन हुने र सरकार आउने कुराले मात्रै कुनै परिवर्तन नहुने बताउँदै स्पष्ट नीति र मार्गदर्शन आवश्यक पर्ने बताइन् ।

कोशी प्रदेश योजना आयोगका पूर्व उपाध्यक्ष सवोधराज प्याकुरेलले राज्यमा सामाजिक न्याय र नागरिकको सुरक्षा नभएको महसुश भएमा व्यवासायीक वातावरण बिग्रने बताएका थिए । उनले निजी क्षेत्र अहिले ठिक त्यहि अवस्थाबाट गुज्रदै गएकोमा चिन्ता व्यक्त गरेका थिए । प्याकुरेलले निजी क्षेत्रले संघीयतालाई सवल बनाउने प्रयासमा समेत भूमिका कमजोर पारेको बताउँदै भने–प्रश्न गर्न र पहल लिन निजी क्षेत्र स्वायत्त हुनपर्छ । निजी क्षेत्र संघीय सरकारसँग डराउने र आफ्नो फायल बोकेर स्वार्थका निर्णयमा लाग्ने कार्य बन्द गर्नुपर्नेमा जोड दिए । 'निजी क्षेत्रको साझा अस्तित्वका लागि साझा पोलेसी बनाउन लाग्नुपर्ने बताए ।

उद्योग संगठन मोरङका पूर्व अध्यक्ष राकेश सुरानाले साझा धारणाबाट विभाजित हुँदा त्यसको असर जेनजी आन्दोलनमा निजी क्षेत्रले बेहोर्नु परेको बताएका थिए । राष्ट्रिय व्यवसायीक पहलका संयोजक किशोर प्रधानले जेनजी आन्दोलनको पृष्ठपोषक माओवादीको सशस्त्र संघर्ष भएको जिकीर गरेका थिए । सशस्त्र संघर्ष अन्तिम हुँदै गर्दा जन्मिएका युवाले राज्यसत्ता लिन ध्वंसको बाटो लिएको उनको बुझाई थियो । उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले अनेक असजिलाका बीचपनि देशप्रतिको मायाले निजी क्षेत्रलाई बाँधिरहेको बताउनुभयो । राठीले असजिलो परिस्थिति झेल्न बारम्बारको सिकाई धेरै भइसकेको बताएका थिए ।

## उद्यमशिलता र अन्तरजिल्ला ब्यापार सञ्जाल निर्माणमा कोशी कनेक्ट मिशन सफल



औद्योगिक विकास, क्षेत्रीय सहकार्य तथा व्यवसाय व्यवसायबीचको आपसी सहकार्य अभिवृद्धि गरी ब्यावसायीक सम्वन्धलाई थप प्रगाढ बनाउने उद्देश्यका साथ उद्योग संगठन मोरङले माघ २ गते देखि ५ गते सम्म तीन दिने 'कोशी कनेक्ट' व्यावसायिक मिशन आयोजना गरेको थियो ।

माघ २ गते, शुक्रवार कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुलीले एक कार्यक्रम वीच संगठनको प्रतिनिधि मण्डललाई विदाई गर्नुभएको थियो ।

तीन दिने ब्यावसायीक मिशन भ्रमणमा संगठनका अध्यक्ष नन्दकिशोर राठी, निवर्तमान अध्यक्ष राकेश सुराना, वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल, उपाध्यक्ष सुरेन्द्र गोल्छा, विपिन कावरा, सुवोध कोईराला, कोषाध्यक्ष पारस लुनिया लगायत कार्यसमिति सदस्यहरू सौरभ सारडा, विरेन्द्र राठी, दिपक अग्रवाल, सिद्धार्थ कावरा, उकेश अग्रवाल, महानिर्देशक चुडामणि भट्टराई, उद्यमी निर्मल कोचर, महिला उद्यमी प्रतिभा पौडेल निरौला, साबित्रा ढकाल, विमला थापा, मयुषा, युवा उद्यमी रोमन कट्टेल, सागरराज ढुंगानाको सहभागिता रहेको थियो ।

## त्रियुगा उद्योग वाणिज्य संघ




उदयपुर औद्योगिक तथा व्यवसायिक क्षेत्रको विकास र विस्तारका लागि अत्यन्त अनुकूल जिल्ला भएको यहाबाट यातायात र ढुवानी सहज हुनुका साथै विराटनगर, धरान र इटहरी जस्ता प्रमुख औद्योगिक शहरहरू नजिक रहेकाले यस जिल्लाको नगदेवाली, जडीबुटी, वनजन्य वस्तुलाई मुल्य अभिवृद्धि गरी तराईका जिल्लाहरुमा सहजै विक्री वितरण गर्न सकिने र प्रशोधन उद्योगमार्फत स्थानीय उत्पादनलाई मूल्य अभिवृद्धि गरी किसान र उद्यमी दुवैलाई लाभ पुऱ्याउन सकिने विषयमा छलफल भयो।

त्यसैगरी औद्योगिक पूर्वाधार विकासका लागि उदयपुरमा उद्योग क्लस्टर विकास गर्न सकिने, खाली जमिनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गर्न सकिने त्यसका लागि अनुभवी उद्योगीहरूको पूंजी, ज्ञान र अनुभव उदयपुरमा लगानीका रूपमा भित्रयाउन संगठनले पहल गर्नुका साथै उद्योगी व्यवसायीबीच नियमित अन्तरक्रिया, छलफल र सहकार्यका लागि औद्योगिक नेटवर्क स्थापना गरी प्रदेश तथा संघीय सरकारसंग संयुक्त रूपमा उद्योगमैत्री नीति पैरवी गर्न, उद्योग व्यवसाय क्षैत्रका समस्याहरू समाधान गर्न र दीर्घकालीन विकासका लागि अनुकूल वातावरण निर्माण गर्न आपसी सहकार्यलाई थप प्रगाढ छलफल भएको छ ।

# खोटाङ उद्योग वाणिज्य संघ




खोटाङ जिल्ला प्राकृतिक स्रोतसाधनले सम्पन्न, उर्वर भूमि र मेहनती जनशक्तिले भरिपूर्ण जिल्ला भएकाले यहा कृषि, जडीबुटी, अलैंची, अदुवा, सुन्तला, कफी, तरकारी तथा पशुपालन जस्ता क्षेत्रमा अपार सम्भावना रहेको यो क्षेत्रलाई आत्मनिर्भर निर्यातमुखी बनाउने विषयमा छलफल भयो । स्थानीय कच्चा पदार्थहरूमा आधारित साना तथा मझौला उद्योग स्थापना गर्न सकिने, कृषि तथा वनजन्य उत्पादन उद्योगहरू स्थापनामा सहकार्यको सम्भावना, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनको दृष्टिले पर्यटन विकासका सम्भावना औंल्याईएको थियो ।

छलफलमा खोटाङमा उत्पादन हुने कृषि तथा वनजन्य कच्चा पदार्थ विराटनगरले खरिद गरी आफ्ना उद्योगमा प्रयोग गर्नसक्ने र विराटनगरमा उत्पादन भएका वस्तु खोटाङको बजारमा विक्रि वितरण गरी आपसी सहकार्यलाई थप मजवुत वनाउनका साथै आपसी नेटवर्क प्रयोग गरी खोटाङका उत्पादनको बजारीकरण, ब्रान्डिङ र वितरण प्रणालीलाई मजबुत बनाउने र पूजी लगानीमा सहकार्य गर्दै स्थानीय व्यवसायलाई प्रतिस्पर्धी र दिगो बनाउने विषयमा छलफल भयो ।

# भोजपुर उद्योग वाणिज्य संघ




भोजपुरमा उत्पादन हुने अलैंची, अदुवा, सुन्तला, अल्लो, विभिन्न स्थानीय उत्पादनहरूलाई परम्परागत उपभोगमा मात्र सीमित नराखी व्यावसायिक उत्पादन, प्रशोधन र प्रभावकारी बजारीकरण गर्न सकेमा स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना भई आर्थिक गतिविधि उल्लेखनीय रूपमा वृद्धि हुने भएकाले भोजपुर र विराटनगरका उद्योगीहरू वीच व्यवसायीक सहकार्यको सम्भावना खोज्ने विषयमा छलफल केन्द्रित भयो ।

छलफलको क्रममा त्यस क्षेत्रमा हुदै गएको पूर्वाधार विकासले उद्योग स्थापना, विराटनगरका उद्योगीहरूसंग भएको पूजी, प्रविधि, व्यवस्थापन अनुभव र बजार पहुचको उपयोग, कच्चा पदार्थ आपूर्ति, प्रशोधन उद्योग स्थापना तथा बजार व्यवस्थापनका क्षेत्रमा दुवै पक्षबीच हुन सक्ने सहकार्यका विषयमा छलफल केन्द्रिछ रहेको थियो ।

## संगठनको कार्यसमिति वैठक



संगठनले मिति २०८२ माघ २ देखि ४ गते सम्म आयोजना गरेको कोशी कनेक्ट ब्यावसायीक मिशनको अवधिमा उद्योग संगठन मोरङको आठौं कार्यसमितिको वैठक भोजपुरमा माघ ४ गते आईतवारका दिन भएको थियो । संगठनका अध्यक्ष नन्द किशोर राठीको अध्यक्षतामा होटल न्यू भिन्तुनामा भएको वैठकमा विभिन्न एजेण्डाहरुमा छलफल तथा निर्णय भएको थियो ।

## सुचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीका सम्वन्धमा पूर्व छलफल कार्यक्रम

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषदले निकट भविष्यमा आयोजना गर्न लागेको कोशी प्रदेश स्तरीय युवाबाट उत्पादित सुचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी तयारीका विविध पक्ष र प्रदर्शनी सम्वन्धि जानकारी गराउन माघ ५ गते अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम भएको छ ।

राष्ट्रिय युवा परिषद र उद्योग संगठन मोरङको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा प्रदर्शनीमा भाग लिन आवेदन गर्न सक्ने स्टाटअप व्यवसायको मापदण्ड, प्रथम, द्धितीय, तृतीय र सान्तवना पुरस्कार राशी, आवेदन कहा र कसरी गर्ने लगायतका विषयमा राष्ट्रिय युवा परिषदका प्रशासन प्रमुख गेहनाथ गौतमले जानकारी गराउनु भएको थियो ।




अन्तरक्रियामा संगठनका अध्यक्ष नन्दकिशोर राठीले वर्तमान समयमा विश्व सूचना प्रविधिमा आधारित रहेकाले स्टार्टअप र डिजिटल उद्यमशीलता युवाका लागि भविष्यका ठूला सम्भावना भएका क्षेत्र भएको वताउनु भयो । उहाले कोशी प्रदेशमा रहेको युवा जनशक्ति, सीप, सृजनशीलता र ऊर्जालाई प्रविधिसंग जोड्न सकेमा यसले प्रदेश मात्र नभई समग्र राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

# प्रविधिमा आधारित जनशक्ति विकासतर्फ उद्योग संगठन मोरङको पहल



उद्योग संगठन मोरङको आयोजना तथा इन्स्योर परियोजनाको प्राविधिक सहयोगमा २४ दिने भेरिएबल फ्रिक्वेन्सी ड्राइभ प्रोग्रामिङ एण्ड मेन्टिनेन्स सम्बन्धी तालिम २०८२ पौष १८ गते सम्पन्न भयो ।

सुनसरी मोरङ औद्योगिक करिडोरभित्र सञ्चालनमा रहेका विभिन्न उत्पादनमूलक उद्योग प्रतिष्ठानमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले उक्त तालिम आयोजना गरिएको थियो ।

तालिम समापन तथा प्रमाणपत्र वितरण कार्यक्रममा संगठनका अध्यक्ष नन्दकिशोर राठीले उद्योग क्षेत्रमा प्रविधिको प्रयोग तीव्र गतिमा बढिरहेकोले परिवर्तित परिवेशमा उद्योगका प्राविधिक जनशक्तिलाई समयसापेक्ष सीप र दक्षताले सुसज्जित गर्नु अत्यन्त आवश्यक भएको बताए ।

अध्यक्ष राठीले उद्योगका उत्पादन प्लान्टहरूमा भीएफडीको प्रयोग दिनप्रतिदिन बढ्दै गएको सन्दर्भमा यसको प्रोग्रामिङ र मर्मतसम्भार सम्बन्धी दक्ष जनशक्तिको आवश्यकता भएको औल्याउदै तालिमले कार्यसम्पादन सुनिश्चित गर्न, ऊर्जा दक्षता अधिकतम बनाउन, उपकरणहरूको आयु बढाउन तथा औद्योगिक प्रक्रियाहरूलाई सुरक्षित र भरपर्दो बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

तालिमका प्रशिक्षक किरण मण्डलले भेरिएबल फ्रिक्वेन्सी ड्राइभ आधुनिक इलेक्ट्रोनिक मोटर नियन्त्रक भएकाले यसको प्रयोगले उल्लेखनीय ऊर्जा बचत, सहज सञ्चालन, स्वचालित प्रक्रियामा प्रभावकारी नियन्त्रण तथा औद्योगिक उत्पादन प्रणालीको समग्र कार्यक्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने बताए ।

हाटखोला स्थित ज्ञान अटोमेशन एण्ड कन्ट्रोल सिस्टममा २४ दिनसम्म सञ्चालन गरिएको उक्त तालिममा विभिन्न उद्योग प्रतिष्ठानहरूका २० जना प्राविधिक प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो ।



# पूर्व सिकाइको मान्यता मार्फत दक्ष जनशक्ति विकासमा उद्योग संगठन मोरङको प्रयास




उद्योग व्यवसाय, श्रम बजार तथा सीप विकासबीचको अन्तरसम्बन्धलाई थप मजबुत वनाई दक्ष जनशक्ति विकासमा सहयोग पुऱ्याउन उद्योग संगठन मोरङको आयोजना तथा सुन्दरहरैचा उद्योग वाणिज्य संघको समन्वयमा पूर्व सिकाईको मान्यतामा आधारित सीप परीक्ष्ँण तथा नया पेशा पहिचान सम्वन्धी परामर्श कार्यशाला माघ ०६ गते विराटचोकमा सम्पन्न भयो ।

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै धेरै जनशक्तिसंग वर्षौंदेखि काम गरेर प्राप्त गरेको व्यवहारिक सीप भएपनि औपचारिक प्रमाणपत्र नभई रोजगारीका अवसर गुमाइरहेको वताए । उनले सीप परीक्षण तथा पूर्व सिकाइको मान्यता प्रणालीमार्फत यस्ता जनशक्तिलाई औपचारिक मान्यता प्रदान गर्ने साथै उद्योग व्यवसायले व्यवहारिक सीपयुक्त दक्ष जनशक्ति सहजै प्राप्त गर्नसक्ने वातावरण निर्माण हुने धारण राखे ।

कार्यक्रममा सुन्दरहरैचा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कार्कीले वर्तमान युग व्यवहारिक सीप र क्षमताको भएतापनि उद्योगहरूले चाहेजस्तो जनशक्ति प्राप्त गर्न नसकिरहेको उल्लेख गरे । उनले रोजगारी खोज्ने व्यक्तिको सीप र उद्योगले खोजिरहेको सीपबीचको खाडल घटाउन सीपको मूल्याङ्कन तथा प्रमाणिकरण प्रणालीलाई प्रभावकारी बनाउदै उद्योगको आवश्यकता अनुसारको श्रमशक्ति विकास गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा सिटीईभिटी कोशी प्रदेशका उपनिर्देशक दुर्गा प्रसाद ओझाले सीप परीक्षण तथा प्रमाणिकरण प्रणालीले अनुभवी तर अप्रमाणित श्रमिकहरूलाई योग्यताको औपचारिक प्रमाणपत्र प्रदान गर्ने बताउदै यसले श्रमिकको आत्मविश्वास बढाउनुका साथै उद्योगहरूलाई दक्ष जनशक्ति व्यवस्थापनमा सहयोग पुग्ने धारणा व्यक्त गरे ।

त्यसैगरी कोशी प्रदेश सामाजिक विकास मन्त्रालय, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा प्रमुख लक्ष्मी न्यौपानेले उद्योगमैत्री, व्यवहारिक र नतिजामुखी सीप विकास कार्यक्रमहरू सञ्चालनको आवश्यकता औंल्याउदै उहाले स्थानीय तहमा रोजगारी सिर्जना तथा दिगो औद्योगिक विकासका लागि सरोकारवाला सबैबीच सहकार्य अपरिहार्य रहेको उल्लेख गरीन ।

कार्यक्रमका सहजकर्ता रामप्रसाद सापकोटाले यसप्रकारको कार्यक्रमले प्रतिस्पर्धी र सक्षम औद्योगिक वातावरण निर्माणमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे । अर्का सहजकर्ता अजिप चापागाईले पूर्व सिकाइको मान्यता प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै श्रम बजारको माग अनुसार सीप विकास गर्नु आजको आवश्यकता रहेको औल्याए ।

## TVET प्रशिक्षकहरूका लागि उद्योग-आधारित Job Shadowing कार्यक्रम सम्पन्न



प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम (TVET) को गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षकहरूका लागि आयोजना गरिएको ब्यद Shadowing कार्यक्रम सुनसरीको दुहबीस्थित Kwality Foods Nepal Pvt. Ltd. मा सम्पन्न भयो ।

क्वालिटी परयोजनाको सहकार्यमा ६ दिन सञ्चालित उक्त कार्यक्रममा सहभागी प्रशिक्षकहरूले उद्योगको वास्तविक कार्य वातावरण, व्यावसायिक संस्कृति, काम गर्ने व्यावहारिक तरिका तथा उदीयमान प्रविधिहरूबारे प्रत्यक्ष जानकारी प्राप्त गरेका थिए ।

मनमोहन मेमोरियल पोलिटेक्निकका मेकानिकल इन्जिनियर पिताम्बर यादव र सत्यनारायण माध्यमिक विद्यालयका इलेक्ट्रिकल इन्जिनियर मो.जावेद अन्सारी सहभागिता रहेको सो कार्यक्रम अवधिमा सहभागी प्रशिक्षकहरूले उद्योगमा प्रयोग हुने मेसिनरी उपकरण, मर्मत-सम्भार प्रणाली, सुरक्षा मापदण्ड तथा उत्पादन प्रक्रियाबारे अवलोकन र अभ्यास गर्ने अवसर पाएका थिए । सहभागी प्रशिक्षकहरूले Job Shadowing बाट प्राप्त ज्ञान र अनुभवलाई कक्षा शिक्षणमा प्रयोग गरी विद्यार्थीहरूलाई उद्योग-मैत्री र व्यवहारिक शिक्षा प्रदान गर्ने बताए ।

## २४ दिने भि.एफ.डी तालिम सम्पन्न



उद्योग प्रतिष्ठानमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता तथा दक्षता अभिवृद्धि गर्न उद्योग संगठन मोरङले १५ दिने प्लान्ट मेन्टिनेन्स सम्बन्धी तालिम केशरी पावर शोलुसनको सहकार्यमा सञ्चालन गरेको छ ।

विभिन्न उद्योगका १६ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको तालिममा भीएफडीको प्रोग्रामिङ, मर्मतसम्भार, उद्योगमा प्रयोग हुने मेसिन तथा उपकरणहरूको सुरक्षित, निरन्तर तथा प्रभावकारी सञ्चालन र प्लान्ट मेन्टिनेन्सका विविध विषयहरु समेटिएको छ । त्यसैगरी डिजेल जेनेरेटरको संरचना, सञ्चालन विधि, नियमित जाँच प्रक्रिया तथा आकस्मिक अवस्थाका लागि डिजेल जेनेरेटरको सुरक्षित प्रयोगबारे जानकारी, सम्भावित खराबी हुनुअघि नै मेसिनको अवस्था मूल्यांकन, नियमित निरीक्षण, लुब्रिकेशन तथा आवश्यक समायोजनका उपायका वारेमा तालिम अवधिमा सिकाइएको थियो ।

उद्योग क्षेत्रमा प्रविधिको प्रयोग तीव्र गतिमा बढिरहेकोले परिवर्तित परिवेशमा उद्योगका प्राविधिक जनशक्तिलाई समयसापेक्ष सीप र दक्षताले सुसज्जित गर्नु अत्यन्त आवश्यक रहेकोले यस्ता कार्यक्रमहरु संगठनले सञ्चालनमा ल्याएको छ ।

# उद्योग अवलोकन भ्रमण



सत्य नारायण माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत इलेक्ट्रिकल विषयका ४८ जना विद्यार्थीहरु र शिक्षकहरुलाई उद्योग अवलोकन भ्रमण गराईएको थियो भने भ्रमणमा क्वालिटी परियोजनाका प्रतिनिधिको पनि सहभागिता रहेको थियो ।

अध्ययन भ्रमणका क्रममा विद्यार्थीहरूलाई प्रिमियर वायर्स इन्डस्ट्रिजमा तीन समूहमा विभाजन गरी मर्मतसम्भार विभाग तथा उत्पादन प्रक्रिया सम्बन्धी प्लान्टहरूको अवलोकन गराइएका थियो सोही समयमा उद्योगका निर्देशक तथा संगठनका कार्यसमिती सदस्य सौरभ सरडा र विधार्थीहरु बीच अन्तरक्रिया भएको थियो ।

त्यसैगरी, जी.आई. सोलार लिमिटेडमा विद्यार्थीहरूले करिब दुई बिघा क्षेत्रफलमा फैलिएको सोलार प्यानल जडान प्रणालीको अवलोकन गरेका थिए । उद्योगका प्लान्ट हेड पंकज कुमार रजक तथा उहाँको टोलीले सोलार प्रणालीको कार्यविधि र प्राविधिक पक्षबारे विद्यार्थीहरूलाई जानकारी गराएका थिए । उद्योग अवलोकन भ्रमणले विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा सीमित ज्ञानलाई व्यवहारिक अनुभवसँग जोड्ने अवसर प्रदान गरेको सहभागीहरूले बताएका थिए ।

# उद्योग-विद्यालय सहकार्य अन्तर्गत प्रेरणात्मक सत्र सम्पन्न



उद्योग-विद्यालय सहकार्य कार्यक्रम अन्तर्गत एम.एम.प्लास्टिक उद्योगका इलेक्ट्रिकल विभाग प्रमुख राम भगत यादवले सत्यनारायण मा.वि. का विद्यालयमा प्रेरणात्मक सत्र सञ्चालन गरेका थिए । सत्रमा कक्षा ११ र १२ का इलेक्ट्रिकल विषय अध्ययनरत ४२ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा इलेक्ट्रिकल विभाग प्रमुख यादवले व्यावसायिक अनुभव साझा गर्दै उद्योग क्षेत्रमा इलेक्ट्रिकल विषयका विद्यार्थीहरूका लागि उपलब्ध करियरका अवसरहरू, उद्योगले खोज्ने सीप तथा दक्षता र अध्ययनसँगै व्यवहारिक ज्ञानको महत्वबारे जानकारी उराउदै विद्यार्थीहरूलाई अनुशासन, निरन्तर सिकाइ र प्राविधिक सीप विकासमा ध्यान दिन सुझाव दिए ।

विद्यार्थीहरूले आफ्नो भविष्यको करियर सम्भावना, रोजगारीका अवसर, उद्योगमा प्रवेश गर्न आवश्यक सीप, तथा नयाँ प्रविधिसँग कसरी आफूलाई अपडेट राख्ने भन्ने विषयमा जिज्ञासा राखेका थिए । कार्यक्रमले विद्यार्थीहरूमा उत्साह थप्नुका साथै भविष्यमा उद्योगसँग सहकार्य गर्दै यस्ता गतिविधिहरूलाई निरन्तरता दिने अपेक्षा गरिएको छ ।

# विद्यार्थीमा उद्यमशील सोचको आधार निर्माण गर्न बिजनेस एट स्कुल कार्यक्रम




उद्योग व्यवसाय क्षेत्रमा युवाहरूलाई प्रेरित गर्दै स्वदेशमै स्वरोजगार र रोजगारको अवसर पहिल्याउने लक्ष्यका साथ उद्योग संगठन मोरङले बिजनेस एट स्कुल कार्यक्रमको दास्रो श्रृंखला सत्य नारायण माध्यमिक विद्यालय, विराटनगरमा २०८२ माघ २३ गते शुक्रबार सम्पन्न भएको छ ।

कार्यक्रममा मनमोहन पोलिटेक्निले ईन्टरनेट अफ थिंग्स, ज्ञान अटोमेशनले ईण्डट्रिज अटोमेशन, शिर्षक ईन्टरप्राईजेजले सि.सि.टि.भि क्यामेरा सेटअप, इन्द्र मोबाइल सेन्टरले मोबाइल मर्मत, कविता ट्रेड सेन्टरले ल्यापटप मर्मत सम्बन्धी विषयमा कक्षा ९ देखि १२ का विद्यार्थीहरुका लागि टेस्ट द ट्रेनिङ कार्यक्रम संञ्चालन गरेका थिए भने सोही अवधिमा प्लाष्टिक पुनः प्रयोग गरी बनाइएका सामाग्रीहरुको प्रदर्शनी, करियर काउन्सेलिङ, सिप तथा उत्पादन प्रर्दशनी, लाईभ तालिम, विद्यार्थीका लागि भी आर मार्फत भर्चुअल उद्योग भ्रमण, विजनेश आईडिया प्रस्तुती तथा सफल व्यक्तित्वहरुका अनुभवहरु साटासाट गरिएको संगठनले जनाएको छ ।



यस पहलले कक्षा कोठाभित्र सीमित रहेको सिकाइलाई जीवन उन्मुख बनाउने विद्यार्थीले आफ्नो रुचि, क्षमता र भविष्यका सम्भावनाहरू स्पष्ट रूपमा पहिचान गर्न यो कार्यक्रम सहयोगी भएको तथा युवाहरुमा रहेको अन्योलतालाइ चिर्दै स्थानीय तहमा पनि अवसर तथा सम्भावना रहेको संगठनका उपाध्यक्ष श्री सुरेन्द्र गोल्छाले स्पष्ट पारे ।

सत्य नारायण माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री मनोज भट्टराईले यस कार्यक्रमले विद्यार्थी भाइबहिनीलाई स्वदेशमै सफल उद्यमी बन्न सक्ने अवसर देखाउनेमा विश्वास व्यक्त गरे ।

स्वदेशमै उज्ज्वल भविष्य निर्माण गर्न सकिने सम्भावना उजागर गर्ने अभियानको रूपमा उक्त कार्यक्रमलाई आगामी दिनमा अन्य विद्यालयहरूमा संचालन गर्ने लक्ष्य लिएको उद्योग संगठन मोरङले जनाएको छ । कार्यक्रमलाई इन्स्योर, क्वालिटी, एन.भि.क्यू.एस परियोजनाले प्राविधिक सहयोग गरेको छ ।



गत मंसीर २४ गते नरग्राम माध्यमिक विद्यालय बुढीगंगामा पाइलटिङ्ग गरिएको पहिलो अंकमा ११ वटा उद्योगको प्रदर्शनी रहेकामा यस पटक १६ वटा भएको छ भने कार्यक्रममा यस पटक विधार्थीका लागि भर्चुअल माध्यमबाट भी आर प्रयोग गरी उद्योग भ्रमणको पनि व्यवस्थाका साथै कार्यक्रम अवधिमा विद्यार्थीहरुलाई अनलाईन माध्यबाट करियर काउन्सिलिङको परिणाम हेर्न सक्ने व्यवस्था समेत मिलाएको संगठनमा कार्यसमिती सदस्य तथा इण्डष्ट्रि एकेडेमिया लिङकेज कमिटीका संयोजक श्री सृजन प्याकुरेलले जानकारी गराए ।

BIRATBAZAAR

Nepal's First B2B Marketplace

# CONNECT • TRADE • EXPAND

*Grow Your Business with B2B Birat Bazaar*

# Register Now

*It's a* **FREE**

जोड्नुहोस् । व्यापार गर्नुहोस । विस्तार गर्नुहोस ।

# घर निर्माण प्रदर्शनी, विराटनगर

२०८२, चैत्र १२-१६




CIM HOME Build exhibition

MARCH 26-30, 2026

Jain Bhawan, Biratnagar

## FLOOR PLAN

- Design & Planning
- Construction Materials & Services
- Sanitary & Plumbing Pipes,
- Electrical & Energy Wiring,
- Furniture & Fixtures
- Interior Design & Decor
- Technology & Innovation
- Finance & Insurance
- 3 mtr x 3 mtr = 24 Stalls
- 3 mtr x 6 mtr = 6 Stalls (Sponsor)
- 3 mtr x 6 mtr = 3 Stalls (Food)
- 10 ft x 10 ft_ Open Space Inside Hall

CHAMBER OF INDUSTRIES MORANG (CIM)

021-515712 +977 985-2082060

Sahid Marg, Biratnagar-02 www.cim.org.np

cim.biratnagar@gmail.com